नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

दैलेख

फोन: प्र.जि.अ. ०८९-४२०११२
९८५८०१७७७७
स.प्र.जि.अ. ०८९-४२०१२६
९८५८०४०१२६
इमेल :daodailekh63@gmail.com
वेबसाइट :daodailekh.moha.gov.np

पत्र संख्या:-२०८०/०८१
च.नं.:-

(स्थानीय प्रशासन तथा शान्ति सुरक्षा शाखा)

## सार्वजनिक प्रदर्शन, हड्ताल तथा विरोधको कार्यक्रमबाट हुने क्षती मूल्याङ्कन सम्वन्धी कार्यविधि, २०८१ को पूर्ण परिपालना गर्ने सम्बन्धी सूचना ।

### (सूचना प्रकाशन मितिः २०८१/०१/२६)

नेपालको संविधानको धारा १७ मा प्रत्येक नागरिकलाई विचार र अभिव्यक्तिको स्वतन्त्रता एवं विना हातहतियार शान्तिपूर्ण भेला हुने हक प्रत्याभुत गरेको छ । साथै धारा ४८ मा सार्वजनिक सम्पतिको सुरक्षा र संरक्षण गर्नु सबै नेपालीको कर्तव्य हुने व्यवस्था गरेको छ ।

नेपालको संविधानले प्रदान गरेको विचार, अभिव्यक्ति र स्वतन्त्रताको हक तथा शान्तिपूर्ण भेला हुन पाउने हकको उपयोग गर्दा विभिन्न माग राखि राजनैतिक दल, संगठित संस्था, सरकारी वा गैरसरकारी संघ संस्था वा व्यक्ति वा समूहबाट सार्वजनिक रुपमा हुने गरेका विरोध सभा, जुलुस, प्रदर्शन, हड्ताल वा अन्य कुनै प्रकृतीका कार्यहरु वा अन्य विरोधका कार्यक्रमहरुबाट सरकारी, सार्वजनिक तथा व्यक्तिगत सम्पतिमा हानी नोक्सानी वा क्षती समेत हुने गरेको सन्दर्भमा यसरी हुने गरेका हानी नोक्सानी तथा क्षतीको यथार्थ लेखाजोखा मूल्याङ्कन गरि त्यसको परीपूरण समेत गर्ने प्रयोजनका लागि गृह मन्त्रालयबाट सार्वजनिक प्रदर्शन, हडताल तथा विरोधका कार्यक्रमबाट हुने क्षती मूल्याङ्कन सम्वन्धी कार्यविधि, २०८१ जारी भएको ब्यहोरा विदितै छ र सो कार्यविधि यस कार्यालयको वेबसाईड (**daodailekh.moha.gov.np**) मा समेत हेर्न सकिन्छ । दैलेख जिल्ला भित्र विभिन्न राजनैतिक दल, संगठित संस्था, सरकारी वा गैरसरकारी संघसंस्था, धार्मिक संगठन वा संस्था, व्यक्ति वा समूहबाट गरिने कुनैपनी विरोध, सभा, जुलुश, प्रदर्शन, हड्ताल लगायतका कार्यहरु गर्दा उक्त कार्यविधिको अक्षरशं पालना गर्न र प्रचलित कानून बमोजिम अनुमती लियर मात्र त्यस्ता कार्यक्रम गर्न गराउनु हुन समेत सूचित गरिन्छ ।

साथै सो कार्यविधि बिपरित कुनै पनि व्यक्ति वा समूहले सरकारी, सार्वजनिक एवं व्यक्तिगत सम्पतिमा हानि, नोक्सानी, क्षति पुऱ्याउने कार्य गरेमा त्यस्तो सम्पत्तिको यथार्थ मूल्यांकन गरि त्यसको परिपूरण समेत सम्बन्धित व्यक्ति वा समूहबाट नै गर्नुपर्ने व्यवस्था रहेको व्यहोरा सम्वन्धित सबैमा जानकारीको लागि अनुरोध छ।

२०८१/०१/२६

..................

(खिमराज भुसाल)

प्रमुख जिल्ला अधिकारी